"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमति प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं: १२८

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२३७

मिति:२०७७।०४।०८

**बिषयः सजगता अपनाउने सम्बन्धमा**

देशभरनै यस बर्षातको समयमा बाढी पहिरो डुवानजस्ता विपदजन्य समस्या उत्पन्न भइरहेका छन। यस पाँचखाल नगरपालिकाभित्र पनि केहि ठाऊँ विपदका दृष्टिले जोखिमयुक्त रहेका छन। मिति २०७७।०३।२७ गते सम्मानननीय प्रधानमन्त्रीज्यूको अध्यक्षता बसेको विपद जोखिम तथा व्यवस्थापन राष्ट्रिय परिषदको वैठकले विपद जोखिम न्यूनिकरण गर्न बिभिन्न निर्णय गरिसकेको छ। यसै परिप्रेच्छमा यस नगरपालिकाले पनि आफ्नो जिम्मेवारी पुरा गर्ने र जनधनको यथासम्भब रक्षा गर्ने र विपद न्यूनिकरण तथा उद्धारका कार्यमा विभिन्न उपाय अबलम्बन गरिरहेको र आगामी दिनमा पनि गरिरहने नै छ। जनस्तरबाट पनि बाढी पहिरो लगायतका परिस्थतिमा आफ्नो तर्फबाट सुरक्षित रहन सुनकोशी नदी आसपासका स्थानीय बासीलाई सजग रही सुरक्षित स्थानमा बसोबास गर्नुहुन अनुरोध छ ।

कहि कतै विपदको जोखिम देखिएमा वा विपदजन्य स्थिति पैदा भएमा यस नगरपालिका कार्यालयको विपद् व्यबस्थापन शाखा प्रमुख अधिकृत श्री गणेश खरेल (फोन नम्बर ९८४१८४४६२७) तथा नजिकैको नेपाल प्रहरी कार्यालय वा आ-आफ्नो वडाको विपद व्यबस्थापन समितिमा सम्पर्क गर्नुहुन अनुरोध छ।

............................

लोक बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत